बरेङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८२/०८३
सूचना नं : ६८

मिति : २०८३/०१/१०
नेपाल संवत: ११४६ बछलाथ्व

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८३/०१/१०)

प्रस्तुत विषयका सम्बन्धमा यस गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/१२/२६ गतेको निर्णयानुसार बरेङ गाउँपालिका वडा नं ४ सल्यानमा तपशिलमा उल्लेखित बमोजिमको कर्मचारी प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित तपशिल बमोजिम दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

| क.स | विज्ञापन नं | पद | सेवा,समूह | संख्या | शैक्षिक योगयता |
|---|---|---|---|---|---|
| १ | ३/२०८२/०८३ | सामाजिक परिचालक | विविध | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्र |

तपशिल:

१. आवश्यक न्युनतम योग्यता र अनुभव:-
   क) १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको। ख) अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको।

२. दरखास्त दिने स्थान: बरेङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, हुग्दिशिर बागलुङ।

३. दरखास्त दिने अन्तिम मिति: २०८३/०१/१६ गते।

४. सम्पर्क मिति: २०८३/०१/२१ गते कार्यालय समयभित्र, परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ।

५. आवेदन दस्तुर: रु. ६००।– (उम्मेदवार स्वयम् उपस्थित भई वा प्रभु बैंक बरेङ शाखा राजश्व शीर्षक नं. १४२२४ मा परीक्षा शुल्क उल्लेख गरी "ग. १.१ बरेङ गा.पा. आन्तरिक राजश्व खाता" खाता नं. १४४०११२७१७५०००६१ मा राजश्व दाखिला भौचर पेस गर्नुपर्ने छ।

६. छनौटको किसिम: लिखित र मौखिक परीक्षा।

७. आवेदन साथ संलग्न कागजातहरू: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपीहरू

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
- व्यक्तिगत निवेदन
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

८. सेवा सुविधा: नियामानुसार हुनेछ।

९. आवेदन फारम www.barengmun.gov.np बाट प्राप्त गर्न सकिने छ। साथै prasasan.barengmun@gmail.com मा इमेल गरेर निवेदन दर्ता गर्न सकिने छ।

१०. सम्बन्धीत वडाभित्रको, आर्थिक अवस्था कमजोर भएको, महिला तथा विवाहित महिलालाई प्राथमिकता दिइनेछ ।

११. थप जानकारीका लागि: सुचना प्रविधि शाखा: ९८५७६६०६६०, प्रशासन शाखा: ९८६८१०९१९६।

२०८३/०१/१०
(बद्री नाथ पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध बरेङ, सुखी बरेङवासी"

E-mail: info@barengmun.gov.np | Web: www.barengmun.gov.np | Contact: +9779857632328

बरेङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

## गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालक पदको पाठ्क्रम

| लिखित परीक्षा योजना | | | |
|---|---|---|---|
| क.स. | विषय | बस्तुगत बहुवैकल्पिक पश्न | जम्मा पूर्णाङ्क |
| १ | सामान्य सचेतना र सेवा सम्बन्धी | २५×१=२५ | २५ |
| अन्तरवार्ता | | | |
| २ | सामान्य ज्ञान, सेवा सम्बन्धी ज्ञान र व्यक्तित्व | | २५ |
| पूर्णाङ्क | | | ५० |

पाठ्क्रमः

१. बरेङ गाउँपालिकाको परिचय – ३ प्रश्न

२. सामाजिक परिचालनको अवधारणा – २ प्रश्न

३. सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार - ३ प्रश्न

४. गरिवी अवधारणा र बरेङ गाउँपालिकामा गरिबीको विद्यमान अवस्था– २ प्रश्न

५. गरिवी निवारणका उपायहरू - ३ प्रश्न

६. गरिवसँग विश्वेश्वर कार्यक्रमको परिचय र कार्यक्षेत्र – ३ प्रश्न

७. कार्यालय संचालनः दर्ता, चलानी, पत्र व्यवहार, फाइलिङ, प्रतिवेदन– ५ प्रश्न

८. इमेल, इन्टरनेट सम्वन्धी सामान्य जानकारी – २ प्रश्न

९. कम्प्युटर सम्वन्धी सामान्य जानकारी -२ प्रश्न